

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १५८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असार ६ गते बिहीबार ❑ 20 June 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## विभेदको शोषणमा परेका दलित महिलाको सशक्तिकरण जरूरीः प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असार

गण्डकी प्रदेशका प्रमुख डिल्ली राज भट्टले विभेदको दोहोरो शोषणमा परेका दलित महिलाको सशक्तिकरण जरूरी रहेको बताउनुभएको छ ।

दलित महिला संघ (फेडो) ले मंगलबार पोखरामा आयोजना गरेको दलित महिलाको सशक्तिकरण र समावेशीकरणका सवाल विषयक प्रदेश स्तरीय कार्यक्रममा बोल्दै उहाँले यस्तो बताउनुभएको हो ।

'जातीय विभेद तथा छुवाछुत, लैंगिक र वर्गीय विभेदको दोहोरो शोषणमा पारिएका दलित महिलाहरुलाई संगठित, सचेतीकरण र सशक्तिकरण गर्दै उनीहरुको हक अधिकार स्थापित गर्न जरुरी छ । यसैका लागि क्रियाशील फेडोलाई आभार व्यक्त गर्दछु।'प्रदेशप्रमुख भट्टले भन्नुभयो।



समाज रुपान्तरणका लागि कमजोर वर्ग र समुदायको रुपान्तरण अपरिहार्य रहेको बताउँदै उहाँले दलित समुदायलाई जातको आधारमा गरिने छुवाछूतजस्तो अमानवीय व्यवहारको अन्त्य गर्न जरुरी रहेको बताउनुभयो ।

'औपचारिक शिक्षामा पहुँच कम भए पनि दलित महिलाहरु सीप, कला, कौशलका धनी छन् । दलित महिलाहरू जाति, लैंगिक र वर्गीय विभेद तथा उत्पीडनमा छन् । अझै मधेशी दलित महिला त झनै पछाडि परेका छन् ।' उहाँले भन्नुभयो- 'जातीय विभेदजन्य हिंसामा दलितभित्र पनि दलित महिला बढी परिरहेका छन् । त्यस्तै महिलामाथि हुने विभेदमा पनि दलित महिला नै बढी पर्छन् । त्यसैले भेदभावरहित समुन्नत समाज निर्माणका लागि दलित महिलाको क्षमता विकास तथा सशक्तिकरणमा लगानी बढाउन आवश्यक छ ।'

दलित महिलाको आर्थिक सशक्तिकरणका लागि रोजगारीमा अग्राधिकारसहित सीप र क्षमताअनुसार अन्य विकल्पमा प्रभावकारी योजना बनाई कार्यान्वयन गर्न जरुरी रहेको उहाँको भनाई छ ।

अहिले प्रत्येक स्थानीय तहमा वडा समितिमा दुई महिलामध्ये एकजना अनिवार्य दलित रहने प्रावधान छ । यो सिंगो महिला आन्दोलन र दलित आन्दोलनका लागि ऐतिहासिक उपलब्धि रहेको बताउँदै प्रदेश प्रमुख भट्टले स्थानीय तहमा दलित महिलाको उपस्थितिले दूरगामी महत्व राख्ने बताउनुभयो ।

पछिल्लो जनगणना अनुसार नेपालमा ३९ लाख ४ सय ६९ जना अर्थात् १३ दशमलव ४ प्रतिशत दलित समुदाय रहेका छन् । प्रदेशगत रुपमा गण्डकी प्रदेशमा १८ दशमलव २ प्रतिशत दलित छन् ।

दलित समुदायको सम्मान र आन्दोलनको सम्मान स्वरूप नेपालको संसद्ले २०६३ जेठ २१ गते नेपाललाई छुवाछूतमुक्त राष्ट्र घोषणा गरेको थियो । २०६८ मा जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव कसूर र सजाय ऐन पारित भइसकेको अवस्था छ ।

## आर्थिक ऐनमा भएका संशोधन र छुटबारे पोउवा संघमा अन्तरर्क्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असार

नेपाल सरकारले आर्थिक वर्ष २०८१/०८२ को बजेटसँगै आएको आर्थिक ऐन २०८१ ले करका दरहरुमा हेरफेरमात्र गरेको छैन, केही विशेष छुट र सहुलियतको पनि घोषणा गरेको छ ।

आीर्थक ऐनले कुनै व्यक्तिले विगतमा कर लाग्ने कारोबार गरेको तर स्थायी लेखा नम्बर नलिएको भए त्यस्तो व्यक्तिको हकमा स्थायी लेखा नम्बर लिइ आर्थिक वर्ष २०७८/०७९ र २०७९/०८० को बुझाउनुपर्ने आय विवरण र त्यसमा लाग्ने कर बुझाएमा शुल्क तथा ब्याज मिनाहा गरेको छ । अर्थात् उसले यसअघिका वर्षहरुको हिसाब बुझाउनुपर्ने छैन ।

कर प्रणालीमा समयमै कर नबुझाए जरिवानाको रकम ठूलो हुन्छ । त्यस्तै,स्थायी लेखा नम्बर लिइ आयको विवरण नबुझाएका करदाताको हकमा आयकर र सोमा लाग्ने ब्याजको २५ प्रतिशत रकम बुझाएमा शुल्क र बाँकी ब्याज मिनाहाको व्यवस्था गरेको छ । यी दुबै छुटहरु आउँदो फागुन मसान्तसम्म लिन सकिने छ । तर, आन्तरिक राजश्व कार्यालय पोखराका प्रमुख कर अधिकृत शिव शर्माले यस्तो छुटको लागि असार मसान्तसम्म आवेदन दिन आग्रह गरे । असार मसान्तपछि त्यस्तो सुविधा लिन खोज्दा आर्थिक वर्ष २०८१/०८२ को विवरण पनि थपिने भएकाले उनले सो आग्रह गरेका हुन् ।



पोखरा उद्योग वाणिज्य संघले आउँदो आर्थिक वर्षको राजश्व नीति र आर्थिक ऐनमा भएका फेरबदलबारे जानकारी दिन बुधबार आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा बोल्दै उनले आन्तरिक राजश्व कार्यालयले एउटै टेबुलबाट सेवा दिने घोषणा पनि गरे । व्यवसाय दर्ता प्रक्रिया झन्झटिलो भएको र पालिका, पर्यटन तथा उद्योग कार्यालय (पुरानो घरेलु तथा साना उद्योग कार्यालय) र आन्तरिक राजश्व कार्यालय धाउँदा र शुल्क तिर्दा झण्झट ब्यहोर्न परेको व्यवसायीको गुनासोपछि उनले पालिकाहरुले सेवालाई कर प्रणालीसँग जोड्दा त्यस्तो भएको बताए । सकेसम्म एउटा कार्यालयमा उद्योग/व्यवसाय दर्ता गरेपछि अन्यन्त्र जानै नपर्ने व्यवस्था गरि नुपर्नेमा उनी सहमत देखिए ।

कार्यक्रममा आर्थिक ऐनले प्रदान गरेका छुट र सुविधाबारे जानकारी दिँदै कर अधिकृत रेणु भट्टराई तिमिल्सिनाले २०८० सालसम्म मूल्य अभिवृद्धि करको विवरण पेश नगरेका करदाताको हकमा सो कर (भ्याट) र त्यसमा लाग्ने ब्याजको ५० प्रतिशत रकम आउँदो फागुन मसान्तसम्म बुझाए लाग्ने जरिवाना तथा थप दस्तुर मिनाहा हुने जानकारी दिइन् । उनले ढुवानी सेवा र हवाइ सेवा प्रदान गर्नेहरुको हकमा पनि छुटको व्यवस्था गरिएको बताउँदै नेपालमै उत्पादित आलु, प्याजमा भ्याट छुट दिएको जानकारी पनि गराइन् । मदिरालगायतका केही बस्तुको अन्तः शुल्क बढेको,व्यवसायीले ज्याला वा तलब दिँदा २५ हजारभन्दा बढीको हकमा नगद दिन नपाइने पनि उनको भनाइ थियो ।

आर्थिक ऐनले अब उप्रान्त व्यक्तिगत खातामा व्यवसायको आम्दानी राख्न नपाइने र पसल/उद्योगमा क्यूआर कोड राख्दा पनि व्यवसाय जे नाममा दर्ता भएको छ, त्यही नाममा क्यूआर कोड लिनुपर्ने व्यवस्था भएको बताइन् । यस्तै ऐनले भ्याटको बिलको स्वरुप परिवर्त गरेको र अब आइन्दा विदेशबाट आयातित


बाँकी अन्तिम पृष्ठमा ▶▶


## जातीय विभेद र छुवाछुतमुक्त व्यास नगर बनाउन जनप्रतिनिधिको प्रतिबद्धता

**पोखरापत्र संवाददाता**
तनहुँ, ५ असार

व्यास नगरपालिका क्षेत्रलाई जातीय विभेद र छुवाछुतमुक्त पालिका बनाउन स्थानीय जनप्रतिनिधिले प्रतिबद्धता जनाएका छन् ।

व्यास नगरपालिका-२ दमौलीस्थित सगुन मल्टिमिडिया प्रालिको आयोजना र व्यास नगरपालिकाको सहयोगमा बुधबारदमौलीमा सम्पन्न 'जातीय विभेद र छुवाछुत अन्त्यका लागि समस्या र समाधानका उपाय' विषयक साक्षात्कार कार्यक्रममा व्यास नगरप्रमुख वैकुण्ठ न्यौपानेले दलित समुदायमाथिको विभेद न्यूनीकरणका लागि पालिका गम्भीर रहेको बताउनुभयो । पालिकामा छुवाछुत र जातीय विभेदका घटना नहोस् भन्नेका लागि आफूले वडाध्यक्षलगायत समुदायलाई सचेत रहन निर्देशन गरिसकेको उहाँले बताउनुभयो । "पालिकामा जातीय विभेदका घटना नहोस् भन्नेमा हामी गम्भीर छौं । अब पनि जातीय आधारमै छुवाछुत र विभेद हुने कुरा निन्दनीय विषय हो । यसको अन्त्यका लागि हामी सबैले सामूहिक प्रतिवद्धता जनाएर अगाडि बढ्नुपर्छ ।" कार्यक्रममा गण्डकी प्रदेशका पूर्वमन्त्री डोवाटे विश्वकर्माले दलित समुदायले अझै पनि मानिस हौं भनेर सङ्घर्ष गर्नुपर्ने अवस्था रहेकामा दुःख व्यक्त गर्नुभयो । विभेद अन्त्यका लागि दलित समुदाय सङ्गठित बन्नुपर्ने र यसमा अन्य समुदायको पनि सहयोग आवश्यक रहेकामा जोड दिनुभयो ।

कार्यक्रममा व्यास नगरपालिका उपप्रमुख इन्दिरा दरैले पनि जातीय छुवाछुत र विभेद न्यूनीकरणका लागि सङ्गठित हुन आवश्यक रहेको बताउनुभयो । जातीयलगायत हरेक किसिमका विभेद अन्त्य गर्न व्यास नगरपालिका अग्रसर रहेको उहाँले बताउनुभयो । सोही नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत काशीराम गैरेले दलित र गैरदलितबीच अन्तरघुलनका कार्यक्रम तर्जुमा गरी समस्या समाधानमा जुट्न आवश्यक रहेको बताउनुभयो । दलितको समस्याले अझै पनि समाजमा प्राथमिकता पाउन नसकेको प्रमुख प्रशासकीय अधिकृत गैरेले बताउनुभयो छ । कार्यशालामा अधिवक्ता अमृत नेपालीले जातीय विभेद र छुवाछुतविरुद्ध विद्यमान कानुनी प्रावधान र नेपाल पत्रकार महासङ्घ नेपाल तनहुँ शाखाका अध्यक्ष उज्ज्वल पौडेलले सञ्चारमाध्यममा दलित समुदायका विषयबारे सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा व्यास नगरपालिकाका १४ वडाका दलित महिला जनप्रतिनिधि, पत्रकारलगायत अगुवाको सहभागिता रहेको थियो ।


## पोखरामा योग प्रदर्शन

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असार

यहाँस्थित भारतीय राजदूतावासले अन्तर्राष्ट्रिय योग दिवसको १०औं संस्करण मनाउन पोखरास्थित फेवा तालको किनारामा योग प्रदर्शनको आयोजना गरेको छ ।



स्वास्थ्य र कल्याणका लागि योगको प्राचीन अभ्यास प्रवर्द्धन गर्ने हेतुले योग प्रदर्शन आयोजना गरिएको दूतावासले जनाएको छ । बुधबार आयोजित उक्त योग प्रदर्शनमा स्थानीय प्रशासन प्रमूख, विभिन्न योग संस्थाका सदस्य, भारतीय सेनाका अवकाशप्राप्त गोर्खा सैनिक, पोखरास्थित दूतावासको पेन्सन भुक्तानी कार्यालयका कर्मचारी र स्थानीय समुदायको सहभागिता रहेको थियो । विभिन्न आसन, प्राणायाम (श्वासप्रश्वास व्यायाम) र ध्यान विधि प्रस्तुत गरिएको सो प्रदर्शनमा प्रशिक्षकले योगसत्रको शृखला बिहानदेखि सुरु गर्नुभएको थियो । शारीरिक र मानसिक स्वास्थ्यका लागि योगको समग्र दृष्टिकोणमाथि जोड दिँदै सहभागीलाई यसका फाइदाबारे जानकारी गराइएको थियो । भारतीय राजदूतावासले पोखरा विश्वविद्यालयसँगको सहकार्यमा आयुर्वेदिक अभ्यासकर्तासँग मिलेर योग प्रदर्शन र स्वास्थ्य परामर्शको पनि आयोजना गरेको जनाएको छ । उक्त कार्यक्रममा पोखरा विश्वविद्यालयका उपकुलपति प्रा प्रेमनारायण अर्याल प्रमुख अतिथिका रुपमा सहभागिता हुनुभएको थियो । उहाँले कार्यक्रमको आयोजना गरेकामा भारतीय राजदूतावासलाई धन्यवाद दिनुभयो । विचारशील र स्वस्थ जीवनका लागि योगले पु-याउने फाइदाबारे बुझ्नुपर्ने उहाँको भनाइ थियो । योग प्रशिक्षकले योगका फाइदा र दैनिक जीवनमा यसको व्यावहारिक उपयोगिताबारे व्याख्या गर्नुभएको थियो । आयुर्वेद र योगलाई दैनिक जीवनमा समावेश गर्नेबारे जानकारी दिएका आयुर्वेदविज्ञका परामर्शबाट पोखरा विश्वविद्यालयका विद्यार्थी लाभान्वित भएका छन् ।

# विकास र वातारण बीच समन्वयको लागि बैठक

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असार

डिभिजन वन कार्यालय कास्कीले बिकास र बाताबरणको सन्तुलनका सन्दर्भमा बुधबार विशेष समन्वय बैठक सम्पन्न गरेको छ।

कार्यक्रमको जिल्ला समन्वय समिति कास्कीका प्रमुख तथा जिल्ला वन क्षेत्र समन्वय समिति कास्कीका संयोजक लिलाधर पौडेलले उद्घाटन गर्नुभएको थियो । पौडेलले बिकास र बातावरण क्षेत्रको उचित समन्वय बिना सन्तुलित बिकासको अबधारणा संभावना नहुने र सन्तुलित बिकास बिना दिगो बिकासका लक्ष्य प्राप्त गर्न कठिनाइ हुने बताउनुभयो । पौडेलले बिकासका नाममा हुने हुने वन र बाताबरण क्षेत्रको बिनासले गम्भीर समस्यातर्फ मानव सहित सम्पूर्ण



जीवजन्तु उन्मुख हुनुपरेको तर्फ इङ्गित गर्दै संरक्षण मैत्री उपभोग नितिमा केन्द्रीत हुन पालिकाहरूलाइ आग्रह गर्नुभयो।

वातावरणीय प्रभाब मुल्यांकनलाई अनिवार्य कडाइका साथ लागू गरेर बिकासका गतिबिधि अगाडि बढाउनुपर्ने पौडेलको भनाइ थियो। कार्यक्रममा कास्कीका जिल्ला समन्वय अधिकारी नवराज बरालले बिकास र बाताबरणको बिचमा देखिएका असन्तुलित बिकासका क्रियाकलाप न्यूनीकरण गर्न बैठक आयोजना गरिएको उल्लेख गर्नुभयो। कास्कीका डिभिजनल बन अधिकृत कोमलराज काफ्लेले बाताबरणमैत्री सन्तुलित बिकासका लागि स्थानिय तहको भुमिका बिषयमा चर्चा गर्नुभएको थियो । मानविय क्रियाकलाप का कारण हाबापानी सहित इकोसिस्टम, बायुमण्डलिय उष्णता बढ्न पुगि जैबिक विविधतामा प्रतिकुल असर पारेको उल्लेख गर्दै पालिकाहरूको बाताबरण संरक्षणका निम्ति चाल्नुपर्ने कदमको बारेमा प्रकाश पार्नुभएको । सन २०४५ सम्म नेपालले कार्बनमुक्त देश निर्माणको नीति लिएको भन्दै त्यसको लागि स्थानिय पालिका र सरोकारवालाको भुमिका महत्वपूर्ण हुने बताउनुभयो । कार्यक्रममा जि.स.स. कास्कीका उपप्रमुख सरिता माल, डिभिजन वन कार्यालय कास्कीका वन अधिकृत हरि प्रसाद गौतम,कास्कीका विभिन्न पालिकाहरूका अध्यक्ष, जिल्ला समन्वय समिति कास्कीका सदस्यहरू सहित बिकास वन र बाताबरण क्षेत्रका सरोकारवालाको उपस्थिति रहेको थियो। कास्कीका डिभिजनल वन अधिकृत कोमलराज काफ्लेको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन डिभिजन बन अधिकृत राजेन्द्र प्रसाद शर्माले गर्नुभएको थियो।

# प्रदेश स्तरीय हक्की प्रतियोगिताको तयारी पुरा

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असार

प्रदेश खेलकुद परिषद गण्डकी प्रदेशको आयोजना तथा गण्डकी प्रदेश हक्की संघको व्यवस्थापनमा शुक्रवारदेखि हुने प्रदेश स्तरीय अन्तर जिल्ला हक्की प्रतियोगिताको तयारी पुरा भएको छ।

भारतीय पेन्सन क्याम्पको मैदानमा हुने दोस्रो संस्करणको प्रतियोगितामा गण्डकी प्रदेशका ८ जिल्लाले सहभागिता जनाउने गण्डकी प्रदेश हक्की संघका अध्यक्ष दीपक बहादुर थापाले जानकारी दिए ।

प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरुलाई समेटेर १० औं राष्ट्रिय खेलकुदका लागि गण्डकी प्रदेशको हक्की टिम बनाईने थापाले बताए। अर्को वर्ष कर्णाली प्रदेशको सुर्खेतमा १० औं



राष्ट्रिय खेलकुद आयोजना हुँदैछ।

प्रतियोगिताको विजेताले २० हजार, उप विजेताले १५ हजार र सह विजेताले १० हजार नगद, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको छ ।

प्रतियोगिताका लागि गण्डकी प्रदेशका विभिन्न जिल्लाहरुबाट टोली आउने क्रम जारी रहेको छ। प्रतियोगितामा मनाङ, मुस्ताङ र लमजुङबाट सहभागिता नरहेको थापाले जानकारी दिएका छन् ।

आवश्यक न्युनतम भौतिक पुर्वाधार विना नै परिषदले यो प्रतियोगिता आयोजना गर्न लागेको हो। संघले भने, प्रदेशका विभिन्न जिल्लामा शाखा गठन गर्ने अभियान शुरु गरेको संघका सचिव अजय केसीले जानकारी दिए ।

पहिलो सँस्करणको प्रतियोगितामा कास्की विजेता र तनहुँ उपविजेता बनेका थिए ।

# गण्डकी प्रदेशस्तरीय क्रिकेट : कास्की र स्याङ्जा फाइनलमा भिड्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असार

कास्की र स्याङ्जा कास्कीको पोखरामा जारी गण्डकी प्रदेशस्तरीय टी-२० पुरुष क्रिकेट प्रतियोगिताको फाइनलमा भिड्ने भएका छन् ।

पोखरा रङ्गशालास्थित क्रिकेट मैदानमा आज समूह 'बी' को अन्तिम खेलमा नवलपुरलाई दुई विकेटले पराजित गर्दै स्याङ्जा फाइनलमा पुगेको हो । समूह चरणका तीनवटै खेल जितेको स्याङ्जाले ६ अङ्कसहित समूहको शीर्ष स्थानमा रहेर कास्कीसँगको फाइनल भेट पक्का गर्न सफल भयो । घरेलु टोली कास्की समूह 'ए' को विजेता बन्दै यसअघिनै फाइनल पुगिसकेको छ। प्रतियोगिताको फाइनल खेल बिहीबार हुने आयोजकले जनाएको छ।

स्याङ्जासँगको खेलमा टस जितेर सुरुआतमा ब्याटिङ रोजेको नवलपुरले १७ ओभरमा सीमित गरिएको खेलमा १५ दशमलव चार ओभरमा सबै विकेट गुमाएर ७५ रनमा समेटियो । नवलपुरका लागि रिजन काफ्लेले ४५ बलमा ३० रन, कमल परियारले २२ बलमा १८ तथा सुदिप अर्यालले १२ रनको योगदान दिए।

बलिङतर्फ स्याङजा 'प्लेयर अफ दी म्याच'समेत रहेका सन्दिप खत्री क्षेत्रीले दुई तथा अङ्कित न्यौपानेले दुई विकेट लिए। खेलमा ७६ रनको लक्ष्य पछ्याएको स्याङजालाई जितका लागि अन्तिम ओभर कुर्नुपर्‍यो । स्याङजाले १६ ओभरको दोस्रो बलमा आठ विकेटको क्षतिमा ७९ रन बनायो।

स्याङजाका लागि अनिष ताम्राकारले १५ बलमा दुई चौका र दुई छक्का प्रहार गर्दै २२ रनको योगदान दिए। त्यस्तै इश्वर क्षेत्रीले २९ बलमा २१ तथा प्रदिप पाण्डेले अविजित ११ रन बनाए। बलिङतर्फ नवलपुरका लागि कमल परियारले चार ओभरमा एक मेडन राख्दै १२ रन खर्चेर तीन विकेट लिए। दीपक डुम्रेले तीन ओभरमा एक मेडनसहित ६ रन दिएर दुई विकेट लिए । गण्डकी प्रदेश खेलकुद परिषद्को आयोजना तथा प्रादेशिक क्रिकेट सङ्घको व्यवस्थापनमा गत जेठ ३२ गतेदेखि उक्त प्रतियोगिता सञ्चालन भएको हो। प्रतियोगिताको विजेताले रु एक लाख र उपविजेताले रु ५० हजार पाउनेछन्।

प्रतियोगितामा आठ जिल्लाको सहभागिता रहेको छ । प्रतियोगिताबाट कर्णाली प्रदेशमा हुने दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि प्रारम्भिक टोली छनोट गरिने प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले जानकारी दिए।

# फेवा एमआरआईबाट 'थ्री टि एमआरआई' सेवा शुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असार

पोखरामा फेवा एमआरआई एण्ड डायग्नोस्टिक सेन्टरले 'थ्री टि एमआरआई' उपकरणबाट सेवा दिन शुरु गरेको छ ।

फेवा एमआरआई एण्ड डायग्नोस्टिक सेन्टरले पोखरा ८ मा 'थ्री टि एमआरआई' मेसिन सञ्चालनमा ल्याएको हो।

थ्रीटी एमआरआई उच्च प्रविधिमा आधारित रहेको र रोगको अवस्था पहिचान गर्न सजिलो हुने सेन्टरका अध्यक्ष डा मदन थापाले जानकारी दिए। उनले अहिले उपलब्ध इमेजिङ प्रविधिमध्ये यो एमआरआई मेसिन सबैभन्दा शक्तिशाली हो।

शरीरको आन्तरिक भागको तस्वीर हेर्न एमआरआई गर्ने प्रयोग गर्ने गरिन्छ। यसका लागि एमआरआईमा चुम्बक र रेडियो



वेब राखिन्छ। थ्रीटी एमआरआईले थ्री टेस्ला म्याग्नेटिक फिल्ड उत्पन्न गर्ने शक्तिशाली चुम्बक प्रयोग गर्छ । जुन लोर फिल्ड अथवा ओपन एमआरआई स्क्यानरहरूमा भएको चुम्बकभन्दा १५ गुणा शक्तिशाली हो । त्यस्तै सामान्य एमआरआई परीक्षणको तुलनामा यस एमआरआईले १०० गुणा चाँडो गर्नसक्ने उनले बताए । हाल नेपालमा काठमाडौमा मात्रै रहेको यो सेवा पोखराबाट पनि शुरु भएको उनले बताए ।

करिब २५ करोडको लगानीमा सेन्टर सञ्चालनमा ल्याएका हुन् । अहिले एमआरआईसँग भिडियो एक्सरे र एक्सरे सेवा पनि सञ्चालनमा आएको उनको भनाई छ। सेन्टरमा १५ जनाले रोजगार पाएका छन्।

# हेमजा भेट्रान्स कपमा पोखरा १० र १७ सेमिफाइनलमा

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असार

हेमजा भेट्रान्स कपमा पोखरा १० र १७ सेमिफाइनलमा प्रवेश गरेको छ। बुधबार भएको पहिलो खेलमा पोखरा १० ले आयोजक वडा न.२५ लाई पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको हो।

निर्धारित समयमा दुबै टिमबाट कुनै पनि गोल हुन नसकेपछी खेल पेनाल्टी सुटआउटमा धकेलिएको थियो। पेनाल्टी सुट आउटमा पोखरा १० ले ५-३ गोल अन्तरले पराजित गर्दे विजयी भएको हो । उक्त खेलको म्यान अफ दि म्याच पोखरा १० का गोल रक्षक विक्रम गुरुङ धोषित भए ।



त्यस्तै बुधबार नै भएको दोस्रो खेलमा पोखरा १७ ले १ लाई पराजित गर्दे सेमिफाइनल प्रवेश गरेको हो । पोखरा १७ ले ३-१ गोल अन्तरले पोखरा १ लाई पराजित गर्दे विजयी भएको हो । खेलको ४ औं मिनेटमा बेद बहादुर थापाले पहिलो गोल र ५७ औं मिनेट पनु दोस्रो गोल गरे। साथै गम्बिर परियारले ६२ औं मिनेटमा तोस्रो गोल गर्दै वडा न.१७ लाई ३ गोलको अग्रता दिलाए। वडा न. १ का मिलन गुरुङले ४० औं मिनेटमा १ गोल गरेका थिए । सो खेलमा पोखरा १७ का बेद बहादुर थापा म्यान अफ दि म्याच घोषित भए । फाईनल यात्राका लागि भोलि वडा १० र १२ साथै वडा १३ र १७ भिडने छन्।

प्रतियोगितामा प्रथम हुने टीमले नगद १ लाख ११ हजार ११ र द्धितिय हुने टीमले ५५ हजार ५ सय ५५ नगद सहित ट्रफी,मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन ।

हेमजा यूनाईटेडको आयोजना तथा पोखरा महानगरपालिकाको संरक्षणमा पोखराको हेमजामा शनिबार देखि सुरु भएको अन्तर वडा स्तरीय हेमजा भेट्रान्स कप २०८१ असार ७ गते सम्म संचालन हुनेछ ।

# आर्थिक ...

बस्तुको हकमा अनिवार्य रुपले एचएस (हार्मोनाइज्ड सिस्टम) कोड राख्नुपर्ने बताइन् । कुनै बस्तुलाई चिनाउन विश्व व्यापार संगठनले दिएको नम्बरलाई एचएस कोड भनिन्छ। यस्तो कोड आयातकर्ताले खुद्रा व्यवसायीलाई उपलब्ध गराउनुपर्ने पनि उनको भनाइ छ। पोखरा उद्योग वाणिज्य संघ तथा कार्यक्रमका अध्यक्ष पवनकुमार प्रजापतिले बजेटसँगै आउने आर्थिक ऐनले दिएका छुट र करका दरमा भएका परिवर्तनबारे जानकारी दिन अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको बताए। कर प्रणाली व्यवसायी मैत्री हुनुपर्ने र करमा भएका परिवर्तनसँगै छुटबारे व्यवसायीले पनि जानकारी राख्नु आवश्यक भएको उनको भनाइ थियो।

संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीले आर्थिक ऐनले दिएका छुटको उपयोग गर्न र दण्ड-जरिवानाबाट बँच्न व्यवसायीहरुलाई आग्रह गरे । कर प्रशासनले कर शिक्षा कार्यक्रमलाई अझ प्रभावकारी बनाउनुपर्नेमा पनि उनको जोड थियो। संघका महासचिव बलराम आचार्यले व्यवसायी मैत्री कर प्रणालीले नै बढी राजश्व संकलन हुने धारणा राखे।


अन्तर्क्रिया कार्यक्रममा संघका कोषाध्यक्ष दीनेशचन्द्र बास्तोला, कार्यसमिति सदस्यहरु सुदीप प्रधानाङ्ग,बालकृण कोइराला, माधव बस्ताकोटी, राम कँडेल र टीकाराम सुवेदी, अग्रज व्यवसायी लक्ष्मण श्रेष्ठ,निर्माण व्यवसायी हरिशंकर भण्डारीलगायतले आर्थिक ऐनका प्रावधानाबारे विभिन्न जिज्ञासा राखेका थिए।


## कपालको उपचार

**कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कल्पनाले विश्वमाथि शासन गर्दछ । – नेपोलियन

## सम्पादकीय

# संसद सचिवालयका कर्मचारीको आन्दोलन

संघीयसंसदसचिवालयकाकर्मचारीकोआन्दोलनका कारण बुधबारको प्रतिनिधिसभा बैठक प्रभावित भएको हो । क्यालेन्डर बनाएर संसद अधिवेशनमा बैठक शुरु रअन्त्य गर्ने संसद सचिवालयको तयारी पटकपटक भत्किएको छ । संसद बैठक विपक्षी दलको अवरोध र दलहरूबीचको राजनीतिले बैठक अवरुद्ध हुने गरेकोमा यसपटक कर्मचारीको आन्दोलनले प्रभावित भएको छ । असार ७ गते भित्र बजेट पारित गर्ने सरकारको तयारी पनि संघीय संसद्का कर्मचारीको आन्दोलनले गर्दा ब्रेक लागेको छ ।

धर्ना र कालोपट्टी बाँधेर कर्मचारीले गरेको दबाब बुधबार स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप यादवले जवाफ दिएपश्चात कार्यालय समयपछि पनि संसद बैठक जारी रहेको भन्दै बैठकमा सचिवालयका कर्मचारीहरुले सभामुखको मात्र अनुहार देखाएर प्रत्यक्ष प्रसारण गरेका थिए । त्यसपश्चात सांसद रामहरी खतिवडाले सांसदहरुले बोलेका बेला सभामुखलाई मात्रै देखाएकाले बैठक स्थगित गर्न आग्रह गरेका थिए । बैठकमा सभामुखघिमिरेले सांसदको मागप्रति ध्यानाकर्षण रहेको जनाउँदै कार्यसूचीमा रहेका विषयलाई हटाउँदै बैठक स्थगत गरेका हुन् । प्रतिनिधिसभाको अर्को बैठक बिहीबार बिहान ११ बजे बोलाइएको छ । विभिन्न माग राख्दै संसद सचिवालयका कर्मचारीहरु आन्दोलित छन् । उनीहरुले आफ्ना माग पूरा नभएसम्म कार्यालयसमयबाहेक काम नगर्ने बताउँदै आएका छन् ।

असार ७ गतेसम्म माग सुनुवाइ नभए त्यसपछि तेस्रो चरणको आन्दोलन थाल्ने उनीहरूको घोषणा छ । उनीहरुले संघीय संसदका पदाधिकारीहरू तथा सदस्यहरूको तलबमानमा मर्यादाक्रम अनुसार समयानुकूल संशोधन गरिनु पर्ने तथा समिति तथा उपसमिति बैठक सञ्चालन कार्यविधिलाई समयानुकूल बनाउनु पर्ने, सचिवालयमा कार्यरत करारका कर्मचारीहरूलाई बजेट प्रोत्साहन तथा नेपाल सरकारले लागु गरेको योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउनुपर्ने लगाएतमा माग समेत अघि सारेका छन् । उनीहरुले संघीय संसदका पदाधिकारीहरू तथा सदस्यहरूको तलबमानमा मर्यादाक्रम अनुसार समयानुकूल संशोधन गरिनु पर्ने तथा समिति तथा उपसमिति बैठक सञ्चालन कार्यविधिलाई समयानुकूल बनाउनु पर्ने, सचिवालयमा कार्यरत करारका कर्मचारीहरूलाई बजेट प्रोत्साहन तथा नेपाल सरकारले लागु गरेको योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउनुपर्ने लगाएतमा माग समेत अघि सारेका छन् । कर्मचारीको मागको बारेमा सरकारले छलफलमा बोलाएर टुंग्याउने अठोट हुनुपर्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# बाख्रापालन फार्म बीउको स्रोत केन्द्र बन्यो

**पोखरापत्र संवाददाता**
म्याग्दी, ५ असार

बेनी नगरपालिका-३ भकिम्लीका धनबहादुर श्रीषले रहरमा सुरु गरेको बाख्रापालन व्यावसायिक बनेपछि अगुवा किसानको पहिचान बनाउनुभएको छ । १३ वर्षअघि खाडी मुलुकको वैदेशिक रोजगारलाई छाडेर मारेर उहाँले स्थानीय जातका बाख्रापालन सुरु गर्नुभएको थियो ।

जीविकोपार्जन र स्वरोजगार बन्ने उद्देश्यले सानो लगानीमा सुरु गरेको बाख्रापालनलाई व्यावसायिक बनाउनुभएका उहाँले अहिले उन्नत जातका बोयर बाख्राको स्रोत केन्द्र स्थापना गर्नुभएको छ । व्यावसायी श्रीषले सञ्चालन गर्नुभएको श्रीष पशुपालन तथा बहुउद्देश्यीय कृषि फार्ममा विगत पाँच वर्षदेखि शुद्ध बोयर जातका बाख्रापालन हुँदै आएको छ । उहाँले बोयर बाख्रा भने ९ वर्षदेखिपालन गर्न सुरु गर्नुभएको थियो । उहाँद्वारा सञ्चालित फार्मलाई राष्ट्रिय पशु प्रजनन कार्यालय पोखराले बाह्य स्रोत केन्द्को रूपमा समावेश गरेको छ । लामो समयसम्म मासु उपभोगका लागि बाख्रापालन गरेको र पछिल्लो समय फार्मलाई बीउका लागि शुद्ध बोयर बाख्रा उत्पादन केन्द्रको रूपमा विकास गरेको फार्मका सञ्चालक श्रीषले बताउनुभयो । श्रीषको फार्ममा अहिले ४५ वटा शुद्ध बोयर बाख्रा छन् । फार्ममा तीन वटा ब्याडे बोका छन् । फार्ममा रहेका २० वटा माउ बाख्राले पाठापाठी जन्माउँछन् । फार्मबाट वार्षिक रूपमा ५० वटा शुद्ध बोयर बाख्रा र बोका बीउको लागि बिक्री हुँदै आएको श्रीषले बताउनुभयो । “यहाँबाट देशका विभिन्न ५५ जिल्लामा बीउको रूपमा बाख्रा लगिएको छ, वार्षिक रूपमा १७ लाख बराबरको बोयर बाख्रा बिक्री गर्दै आएको छु” श्रीषले भन्नुभयो । व्यवस्थित र व्यावसायिक रूपमा स्थापित यो बाख्रा फार्ममा देशका विभिन्न ठाउँबाट नयाँ किसान अध्यायन अवलोकनका लागि समेत आउने गर्छन् ।बाख्रापालनको लागि श्रीषले ६० रोपनी जग्गामा घाँसका बिरुवा रोप्नुभएको छ ।

केही वर्ष अघिसम्म वार्षिक रूपमा एक करोड बढीको बोयर बिक्री गर्नुभएका श्रीषले पछिल्लो समय स्वदेशमा युवाहरूको अभाव र विदेश पलायन हुने क्रमले बाख्रापालनतर्फ आकर्षण घटेको कारण आफूले फार्ममा बोयर बाख्राको सङ्ख्या बढाउन समस्या भएको बताउनुभयो । “बाख्रापालनमा लगानी, मेहनत, परिश्रम र आम्दानी सबैको चाँजो मिल्नुपर्छ, मैले बाख्रापालनबाटै घरखर्च धानेको छु, बाख्रापालनबाट म सन्तुष्ट नै छु”-श्रीषले भन्नुभयो । श्रीषले बाख्रा फार्ममा खोर बनाउन मात्रै ५० लाख बढी लगानी गर्नुभएको छ । आफूले बाख्रापालन गरेपछि धेरै जना यो पेसामा जोडिन आउने र जाने क्रम भए पनि आफू भने आफ्नै घरमा आफ्नै पौरखमा रमाउन बाख्रापालनलाई व्यवस्थित र व्यावसायिक बनाएर बसेको उहाँको भनाइ छ ।

राज्यले पशुपालन क्षेत्रलाई प्राथमिकतामा राखेर अनुदान लगायतमा धेरथोर सहयोग गरे पनि पछिल्लो समय कृषि सहुलियत ऋण पाउन मुस्किल पर्ने र बीमा बापतको रकम भुक्तानीमा ढिलासुस्ती हुँदा आफूहरू समस्यामा परेको किसान श्रीषले गुनासो गर्नुभयो ।

# विपद् न्यूनीकरणका लागि तनहुँको पूर्वतयारी

**कृष्ण न्यौपाने**
दमौली,५ असार/रासस

पछिल्लो पाँच वर्षको अवधिमा तनहुँमा विपद्बाट ५६ जनाले ज्यान गुमाए । बाढी, पहिरो, चट्याङबाट ८४ जना घाइते भए भने १० जना बेपत्ता छन् । विपद्बाट घर, गोठ, विद्यालय, सरकारी कार्यालय गरी एक हजार तीन सय ३५ भौतिक संरचनामा क्षति पुग्यो । त्यस अवधिमा करोडौँ मूल्यबराबरको आर्थिक नोक्सानी भयो ।

तनहुँ जिल्ला बाढीपहिरो, चट्याङजस्ता विपद्को उच्च जोखिममा छ । बाढीपहिरोबाट मात्रै २०७६ सालमा १२ जनाको मृत्यु, चार जना घाइते, २०७७ सालमा आठ जना मृत्यु, १५ जना घाइते, २०७८ सालमा चार जना मृत्यु, तीन जना घाइते, २०७९ सालमा दुई जना मृत्यु, दुई जना घाइते भएको जिल्ला विपद् व्यवस्थापन समितिको तथ्याङ्क छ । भौतिक सम्पत्तितर्फ २०७६ सालमा रु एक करोड २२ लाख, २०७७ सालमा रु दुई करोड ९५ लाख ७६ हजार, २०७८ सालमा रु ४१ लाख ९२ हजार पाँच सय, २०७९ सालमा रु ३१ लाख ६३ हजार पाँच सय, २०८० सालमा रु ५४ लाख ३५ हजारको नोक्सानी भएको छ ।

विपद्बाट हुने क्षतिको न्यूनीकरणका लागि जिल्ला विपद् व्यवस्थापन समिति तनहुँ प्रतिकार्य योजना तयार गरी पूर्वतयारीमा जुटेको छ । विभिन्न प्रकोपका कारण सामाजिक तथा मानवीय जीवनमा आइपर्ने विपद्लाई थेग्न तथा हुनसक्ने क्षतिलाई न्यूनीकरण गर्न आवश्यक भएकाले मनसुन, शीतलहर, आगलागी, चट्याङ, महामारी, आँधी प्रतिकार्य आपतकालीन कार्ययोजना कार्यान्वयनमा ल्याइएको समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले बताउनुभयो । यस वर्षको बाढी पहिरोबाट तनहुँमा सात हजार प्रभावित हुन सक्ने अनुमान गरिएको छ । गण्डकी प्रदेशमा यस वर्ष १५ हजार नौ सय ६९ घरधुरीका ७० हजार प्रभावित हुने आँकलन गरिएकामा तनहुँमा यस वर्ष पहिरालाई पहिलो जोखिमको रूपमा राखिएको गौतमले बताउनुभयो ।

सन् २०१० देखि २०२० सम्म गृह मन्त्रालयको तथ्याङ्कको आधारमा २०८१ सालको मनसुनबाट प्रभावित हुनसक्ने जनसङ्ख्या करिब १२ लाख ५० हजार रहेको छ । उहाँले भन्नुभयो, “यस वर्षको मनसुन जेठ अन्तिम साताबाट सुरु भई असोजको दोस्रो सातासम्म रहने गरी जल तथा मौसम विज्ञान विभागले अनुमान गरेको छ । विपद्को क्षति न्यूनीकरणका लागि हामी तयारी अवस्थामा जुटेका छौँ ।”

जिल्लाका चार नगरपालिका र छ गाउँपालिका पहिरोको उच्च जोखिममा छन् । पहिरोपछि बाढी, आगलागी, महामारी, सुख्खा खडेरी, सडक दुर्घटना र चट्याङ तथा हावाहुरी छन् । प्रतिकार्य योजनामा उल्लेख भएअनुसार जिल्लाका दश पालिकाका ८५ वडामध्ये ४८ वडा पहिराका जोखिममा छन् । पहिरोबाट व्यास नगरपालिकाको २ नं वडाबाहेक १३ वटै जोखिममा छन् । भानु नगरपालिका-४, ५, ६ र ७, भीमाद नगरपालिकाका-३, ५, ७, ८ र ९, शुक्लागण्डकी नगरपालिका-९ र १०, देवघाट गाउँपालिका-१, २, ३ र ४, बन्दीपुर गाउँपालिका-१, २, ४ र ५, घिरिङ गाउँपालिका-२, ३, ४ र ५, ऋषिङ गाउँपालिका-१, २, ३, ६, ७ र ८, आँबुखैरेनी गाउँपालिका-४, ५ र ६ र म्याग्दे गाउँपालिका-१, २, ३, ४, ५, ६ र ७ पहिराका उच्च जोखिममा छन् ।

यस्तै बाढीबाट व्यास नगरपालिका-१, २, ३, ६, ८, ९, ११ र १३, भानु नगरपालिका-१, २, ५, ६, ७, ११, १२ र १३, भिमाद नगरपालिका-१, शुक्लागण्डकी नगरपालिका-४ र ८, देवघाट गाउँपालिका-१, २, ३, ४ र ५ का नदीतटीय क्षेत्र, बन्दीपुर गाउँपालिका-६ सामीकोट क्षेत्र, घिरिङ गाउँपालिका-१ को कालीगण्डकी, मैदीखोला र सिरिङ्दी खोला किनारका बस्ती, ऋषिङ गाउँपालिका-१, ३, ४, ५, ७ र ८ का झापुटार र बेलटारका नदी किनारका बस्ती, आँबुखैरेनी गाउँपालिका-२, ४, ५ र ६ का बस्तीहरू, म्याग्दे गाउँपालिका-३ र ६ का अकला क्षेत्र उच्च जोखिममा छन् ।

गौतमले भन्नुभयो, “विपद्ले समुदायको आर्थिक, सामाजिक तथा मानवीय जीवनमा पुऱ्याउन सक्ने क्षतिलाई न्यूनीकरण गरी विपद्पछि छिटोभन्दा छिटो पूर्ववत् अवस्थामा ल्याउन प्रस्तुत योजना प्रभावकारी र कोशेढुङ्गा हुने अपेक्षा लिइएको छ ।” विपद्को अवस्थामा प्रतिकार्यका लागि तनहुँमा उपलब्ध भौतिक, मानवीय र आर्थिक स्रोतलाई लेखाजोखा गरी जिल्ला विपद् व्यवस्थापन समितिको नेतृत्वदायी भूमिकासहित कार्ययोजना तयार गरिएको उहाँको भनाइ छ ।

विपद् पूर्वतयारी तथा प्रतिकार्ययोजना तर्जुमाका लागि सङ्कटासन्नता र क्षमताको विश्लेषणका आधारमा आठ वटा विषयगत क्षेत्रहरू निर्धारण गरिएको छ । यो योजनाले कार्यान्वयन गर्ने संस्था र सहयोगी संस्थाहरूको भूमिका तथा जिम्मेवारीहरू स्पष्ट रूपमा पहिचान गरेको छ । विपद्को समयमा खोज तथा उद्धार एवं आपतकालीन सुरक्षा र राहत वितरण कार्यका लागि टोली तयार अवस्थामा राखिएको छ । प्रमुख जिल्ला अधिकारी गौतमको नेतृत्वमा उद्धार सहितका सामग्री तयारी अवस्थामा छ । नेपाली सेनाको चापाघाटस्थित कालीभञ्जन गण (इ) बाट प्रमुख सेनानी बसन्त कार्कीको नेतृत्वमा उद्धार सामग्रीसहित ८८ जनशक्ति तयारी अवस्थामा छन् । जिल्ला प्रहरी कार्यालयबाट प्रहरी उपरीक्षक अपिलराज बोहराको नेतृत्वमा उद्धार सामग्रीसहित २५ जना प्रहरी तयारी अवस्थामा राखिएको छ । त्यस्तै सशस्त्र प्रहरी बल नेपाल नम्बर २३ गण हेडक्वाटर मनकामनाबाट प्रहरी उपरीक्षक कृष्णराज अधिकारीको नेतृत्वमा ५५ जना जनशक्ति उद्धार सामग्रीसहित तयारी अवस्थामा राखिएको छ । शुक्लागण्डकी नगरपालिकाबाट प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा पाँच जना नगर प्रहरी, भानु नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा एक सय ९३ जना कर्मचारी, घिरिङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा ७२ जना कर्मचारी, व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा उद्धार सामग्री, भिमाद नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा ९९ जना कर्मचारीलाई सामग्रीसहित तयारी अवस्थामा राखिएको छ । आँबुखैरेनी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा १० जना, ऋषिङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा १५ जना, देवघाट गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा तीन जना उद्धार सामग्रीसहित तयारी अवस्थामा छन् । यस्तै स्वास्थ्य कार्यालय, भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, शिक्षा विकास तथा समन्वय इकाइ, कृषि ज्ञान केन्द्र, सडक डिभिजन कार्यालय, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय, यान्त्रिक कार्यालयलाई समेत आवश्यक सामग्रीसहित तयारी अवस्थामा राखिएको प्रजिअ गौतमले जानकारी दिनुभयो । निजी तथा गैरसरकारी क्षेत्रतर्फ नेपाल रेडक्रस सोसाइटी, उद्योग वाणिज्य सङ्घ, नेपाल पत्रकार महासङ्घ, रिसेड, एनजिओ नेटवर्क, समाज सेवा समूह, सेतोगुराँस बालविकास समाज, निर्माण व्यवसायी सङ्घ, तनहुँ सेवा समाज, गैरसरकारी संस्था महासङ्घलगायतलाई आवश्यक सामग्रीसहित तयारी अवस्थामा रहन भनिएको छ । स्थानीय तहले पनि विपद्को पूर्वतयारी गरिसकेकाछन्।म्याग्देगाउँपालिकाले पालिकास्तरमाअध्यक्षकोसंयोजकत्वमार वडास्तरमा वडाध्यक्षको अध्यक्षमा विपद् व्यवस्थापन समिति गठन गरेको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीको भनाइ छ । अधिकारीले भन्नुभयो, “प्राकृतिक विपत्ति कतिबेला आउँछ भन्ने यकिन हुँदैन, यसलाई रोक्न सक्ने कुरा भएन, क्षति कम गर्नेतर्फ तयारी गरेका छौँ ।”

# कञ्चन क्यापिटलको पाँचौं वार्षिकोत्सव

**सविता गुरुङ/स्मृति गाहा मगर**
पोखरा, ५ असार

कञ्चन क्यापिटल प्रालिले पाचौँ वार्षिकोत्सव विविध कार्यक्रम गरी मनाएको छ । छैटौं वर्षमा प्रवेश गरेको अवसरमा प्रालिले रक्तदान, सम्मान, पुरस्कार वितरणलगायत कार्यक्रम गरेको थियो ।

सोही अवसरमा मंगलबार गरिएको रक्तदानबाट ५६ युनिट रगत संकलन भएको प्रालिका अध्यक्ष विमलमान गुभाजूले जानकारी दिए । मानव जीवन रक्षाका निम्ति रक्तदान प्राथमिकतामा परेको उनले बताए।

बुधबार सम्मान, पुरस्कारसहित वार्षिकोत्सवको मुख्य कार्यक्रम रहेको अध्यक्ष गुभाजुले बताए । कार्यक्रममा ‘कृष्णमान स्मृति उत्कृष्ट कर्मचारी-२०८१’ बाट मञ्जु भण्डारी र निर्मला गुरुङ श्रेष्ठ पुरस्कृत भएका थिए । प्रालिमा रहेर उत्कृष्ट कार्य गरेका उनीहरुलाई नगदसहित सम्मानपत्र, मायाको चिनो र दोसल्लाले सम्मान गरिएको उनले बताए ।

यस्तै अघिल्लो दिन रक्तदान गर्ने शेयरधनी, कर्मचारी तथा परिवारजन रक्तदाताहरुलाई कदरपत्र प्रदान गरिएको थियो । शेयरधनी राकेशमान बुद्धाचार्यलाई उनकै छोरीले मृगौला प्रत्यारोपण गरी सहयोग गरेकाले सोही कार्यक्रममा छोरी रिकेशाना बुद्धाचार्यलाई सम्मान गरिएको अध्यक्ष गुभाजूले बताए।

उच्च शिक्षा हासिल गरेका शेयरधनीका छोरीहरु रिकेशाना बुद्धाचार्य र सुविक्षा गुभाजूलाई पनि सम्मान गरिएको थियो । यसबाहेक प्रालिले वर्षभर विभिन्न संघसंस्थालाई आर्थिक सहयोग गरेको उनले सुनाए। सबैको सहयोग र साथले थप रचनात्मक कार्यका लागि प्रोत्साहन मिलेको उनको भनाई थियो ।

२०७६ सालमा स्थापना भएको प्रालिको पोखरा महानगरका विभिन्न स्थानमा ५ वटा सुन र एउटा चाँदीको व्यावसायिक फर्म छ भने, अर्चलबोटमा कञ्चन डिमार्टमेन्टल स्टोर पनि सञ्चालनमा छ । १७ जना सेयर सदस्य रहेको प्रालिमा करिब २ सय जना कर्मचारी कार्यरत रहेको अध्यक्ष गुभाजूले जानकारी दिए । (विद्यार्थी पत्रकार)

# किड्स कप भेट्रान्स भलिबलको आयव्यय सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असार

पोखरामा क्रियाशिल युनाइटेड किड्स क्लबले आयोजना गरेको प्रथम खुल्ला भेट्रान्स (३५ प्लस) भलिबल प्रतियोगिताको आयव्यय सार्वजनिक गरेको छ ।

पोखरा महानगरपालिका-३ नदीपुरस्थित छन्त्याल समाजको भलिबल मैदानमा गत १८ र १९ गते सञ्चालन भएको सो प्रतियोगिताबाट कुल ३ लाख ८९ लाख ३० रुपैयाँ बचत भएको क्लबका सचिव अशोक थापाले जानकारी दिए । उनका अनुसार प्रतियोगिताका लागि कुल ६ लाख ८ हजार २ सय ५१ रुपैयाँ आम्दानी भएको थियो भने २ लाख १९ हजार २ सय २१ रुपैयाँ खर्च भएको थियो ।

उनले आम्दानीतर्फ टिम दर्ताबाट रु ५५ हजार, संस्थागत सहयोगत पुरस्कारका लागि रु ६० हजार र विदेशबाट रु ४ लाख ९३ हजार २ सय ५१ रुपैयाँ संकलन भएको बताए । यस्तै खर्चतर्फ पुरस्कारका लागि रु ६५ हजार, कलाकारका लागि रु ५ हजार, सम्मानपत्रका लागि १२ हजार १ सय ६५ रुपैयाँ, खेलकुद समाग्री, ट्रफि, तथा ग्राउण्ड व्यवस्थापनका लागि १५ हजार, अफिसियलका लागि १९ हजार, खाना तथा खाजातर्फ २९ हजार, प्रिन्टिङका लागि ३२ हजार, जर्सी प्रिन्ट ६ हजार ५ सय र विविधतर्फ रु ३४ हजार ५ सय ५६ रुपैयाँ खर्च भएको सचिव थापाले जानकारी दिए । दुइदिनसम्म सञ्चालन भएको भेट्रान्स (३५ प्लस) प्रतियोगितामा गलकोट भेट्रान्सलाई २६-२४ र ३४-३२ को सोझो सेटमा पराजित गर्दै एफिएफ च्याम्पियन बनेको थियो । उपाधिसँगै एफिएफले नगद रु ४० हजार, र उपविजेता बनेको गलकोटले नगद रु २५ हजारसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको थियो ।

# समाजलाई मोती जस्तै चम्काउँदै मोती पुस्तकालय

**वासुदेव पौडेल**
गण्डकी,५ असार/रासस

झन्डै ६५ वर्षअघि स्थापना भएको मोती पुस्तकालय पर्वत जिल्लाको मात्र नभएर देशकै सामाजिक जागरणको दियो बन्दै आएको छ। जिल्लाको फलेवास नगरपालिका-५, खानीगाउँमा २०१६ सालमा स्थापित यस पुस्तकालय स्थापनापश्चात् सामाजिक जागरण र सचेतनाको महत्वपूर्ण केन्द्रका रूपमा पहिचान मात्र बनाएको छैन, देशका अन्य पुस्तकालयका लागि पनि अनुकरणीय बनेको छ।

स्व. मोतीप्रसाद लम्सालको स्मृतिमा सुरुमा घरको पिढीमा काठको फल्याकले बारेर एउटा कोठाबाट सुरु गरिएको यो पुस्तकालय अहिले सुविधा सम्पन्न भवनमा व्यवस्थित रूपमा सञ्चालन भएको छ । २०६३ सालमा समसामयिक विषयका लेखनहरूको सङ्कलन 'मोती' प्रकाशन गरी सोहि पुस्तक विक्री र विज्ञापनवाट सङ्कलित नौ लाख रुपैयाँ रकम समेत गरी पुस्तकालयका लागि एक रोपनी जग्गा खरिद गरिएको थियो।

सुरुमा रिड नेपालले भवन निर्माणका लागि रु १३ लाख र फर्निचर तथा किताबका लागि रु पाँच लाख सहयोग गरेको पुस्तकालयका संस्थापक अध्यक्ष भोलानाथ शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार २०६४/६५ सालमा भवन निर्माण सुरु गरी २०६९ सालमा १९ कोठे पक्की भवन निर्माण सम्पन्न भएको थियो । भवन निर्माणका लागि शिक्षा मन्त्रालयले रु ४५ लाख उपलब्ध गराएको लम्सालले जानकारी दिनुभयो। पुस्तकालयमा हाल २५ हजार पुस्तकहरू रहेका छन् । पुस्तकालयका लागि पछि एक रोपनी जग्गा समेत थपिएकामा त्यहाँ शहरी विकास मन्त्रालयको रु ३० लाख सहयोगमा अर्को १५० जना क्षमताको सभा कक्ष निर्माण भैरहेको उहाँले जानकारी दिनुभयो। पुस्तकालय स्थापनासँगै यसले यस क्षेत्रमा शैक्षिक जागरणका साथै सामाजिक सचेतना अभिवृद्धिमा पनि विशिष्ट योगदान पुगेको उहाँको भनाइ छ। हरेक दिन बिहान १० बजेदेखि अपराह्न ५ बजेसम्म सञ्चालन हुने यस पुस्तकालयमा दैनिक विभिन्न उमेर समूहका पाठकहरू आउने गरेका छन्। समाजमा पठन संस्कृति हराउँदै गएको बेला यस पुस्तकालयमा भने दैनिक ६०/६५ जनासम्म पाठक आउने गरेको पुस्तकालय व्यवस्थापन समितिका सचिव एवम् लाइब्रेरियन इन्द्रप्रसाद सापकोटाले जानकारी दिनुभयो । उहाँका अनुसार पुस्तकालयमार्फत नै पर्वत जिल्लाका १७० विद्यालयमा 'सामुदायिक विद्यालयमा 'विद्यालय पुस्तकालय कार्यक्रम' सञ्चालन गरिएको छ । ती विद्यालयमा पुस्तकालयका तर्फबाट आवश्यक साथ सहयोगसँगै समयसमयमा अनुगमन तथा कार्यक्रमहरू सञ्चालन गरिएको छ । पर्वत जिल्लामा रहेका सामुदायिक तथा सरकारी विद्यालयमा पठन संस्कृतिको विकास गर्न यो कार्यक्रम सञ्चालन गरिएको सापकोटाले जानकारी दिनुभयो । पुस्तकालयले समयसमयमा सञ्चालन गर्दै आएको घुम्ती पुस्तकालय सेवा पनि समाजका लागि बहुउपयोगी बनेको छ। समाजमा पठन संस्कृतिको विकास गर्न पाठ्यसामग्री झोलाझोलामा राखेर पुस्तकालयमा आउन नसक्ने अशक्त व्यक्तिको घर र टोलमा जाने अभियानले सामाजिक जागरणमा विशेष टेवा पुगेको छ।

पुस्तकालयमार्फत मोती सामुदायिक सिकाइ केन्द्र, प्राविधिक ज्ञान सेवा कार्यक्रम, मोती सामुदायिक पुस्तकालय महिला बचत तथा ऋण सहकारी सञ्चालन भएको छ । त्यस्तै सुरक्षित आप्रवासन कार्यक्रम, मोति महिला सिलाइकटाइ उद्योगजस्ता विभिन्न कार्यक्रम सञ्चालन गर्दै सामाजिक सचेतना अभिवृद्धिमा पनि महत्वपूर्ण योगदान पुऱ्याएको छ । व्यवस्थित भवनसँगै पुस्तकालयमा विभिन्न कक्षहरू सञ्चालनमा रहेको पुस्तकालयका अध्यक्ष कृष्णराज पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार पुस्तकालय कक्षमा १२ वर्षदेखि माथिका विभिन्न उमेर समूहका नागरिकले भरपुर उपयोग गर्दै आएका छन्। यहाँको विद्युतीय पुस्तकालयमा एक सफ्टवयरमा सात हजार पुस्तक राखिएको छ भने कम्प्युटरहरू नेटवर्किङ गरी राखिएको छ । पुस्तकालयको बाल कक्षमा १२ वर्षसम्मका बालबालिकाका लागि खेल्ने सामाग्रीसँगै बाल सहित्यका विभिन्न सामग्री राखिएको छ।

महिला कक्ष राखिएको पुस्तकालयमा समुदायका महिलालाई कसरी पुस्तकालयमा ल्याउने भन्ने उद्देश्यका साथ विभिन्न तालिममा सहभागी गराउने गरिएको छ। यसैका माध्यमबाट महिलालाई आयआर्जनमा जोड्ने उद्देश्यका साथ २०७० सालमा २० रुपैयाँ र २० जनाबाट शुरुआत गरिएको मोती पुस्तकालय महिला वचत तथा ऋण सहकारी २०७० सालबाट सञ्चालनमा आइसकेको छ । पुस्तकालयमा समुदायका महिलालाई ल्याएर उनीहरूलाई विभिन्न तालिममा सहभागी गराउने, दैनिक रूपमा पुस्तकालयमा आउने बानी बसाल्ने, आयआर्जनमा जोड दिने उद्देश्यका साथ सञ्चालित सहकारीमा हाल चार सय जना महिला आवद्ध हुनुहुन्छ। यस संस्थाले डेढ करोड रुपैयाँ बराबरको कारोवार समेत गर्नुको साथै रु २२ लाख संस्थाको शेयर पुँजी रहेको छ। पुस्तकालयमा रहेको तालिम कक्ष यस क्षेत्रकै लागि बहुउपयोगी बनेको छ । यसले पुस्तकालयका कार्यक्रमसँगै फलेवास नगरपालिकाका विभिन्न कार्यक्रम सञ्चालन गर्दा आयआर्जनमा समेत सहयोग पुगेको अध्यक्ष पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार पुस्तकालयमा अनौपचारिक शिक्षाअन्तर्गत मोती सामुदायिक पुस्तकालय सिकाइ केन्द्र सञ्चालन गरिएको छ। केन्द्रमा नगरपालिकाको शिक्षा शाखाका कर्मचारी समेत रहनुभएको छ । सिकाइ केन्द्रको कर्मचारीसहित पुस्तकालयमा चारजना कर्मचारी कार्यरत रहनुभएको उहाँले जानकारी दिनुभयो। रिड नेपाल र प्राक्टिकल एक्सनको सहयोग तथा मोती सामुदायिक पुस्तकालयको व्यवस्थापनमा सञ्चालित प्राविधिक ज्ञान सेवा कार्यक्रमले समुदायका किसानका समस्या पहिचान गरी विज्ञसहितको टोलीले समस्या समाधान गर्ने भएकाले यसले समुदायमा राम्रो प्रभाव पारेको लाइब्रेरयिन सापकोटाले जानकारी दिनुभयो। पुस्तकालयकै प्रयासमा सुरु भएको मोती महिला सिलाइकटाइ उद्योग दलित, जनजाति, गरिब तथा सिमान्तकृत गृहिणी महिलालाई उद्यमशील बनाउने उद्देश्य राखिएको छ । सुरुमा १५ जना महिलालाई एड्भान्स सिलाइकटाइ तालिम प्रदान गरी त्यसपछि मोती महिला सिलाइकटाइ उद्योगको रूपमा सञ्चालन गरिको थियो । उद्योगमार्फत सेनेटरी प्याड तथा अन्य फेसनेवल सामग्री उत्पादन गर्न शुरु गरिएको छ । यसै कार्यक्रमअन्तर्गत एक हजार ३०० जना छात्रा तथा महिला शिक्षिकालाई लाई निःशुल्क सेनेटेरी प्याड, रुमाल, साबुन, पेन्टी जस्ता सामग्रीका साथै सरसफाइसम्बन्धी जानकारी पुस्तिका समेत वितरण गरिसकिएको उहाँले जानकारी दिनुभयो। समुदायमा आयआर्जन गराउने उद्देश्य राख्दै पुस्तकालयले अगरबत्ती बनाउने, ज्याति कात्ने जस्ता तालिम प्रदान गर्दै आएको छ । समुदायमा आयआर्जनका लागि मुढा, कुसनहरू बनाउने तालिमसँगै टिसर्ट बनाउने जस्ता विभिन्न खालका प्रतियोगिता सञ्चालन गर्ने गरिएको छ । पुस्तकालयमा मोती सामुदायिक पुस्तकालय सदस्यता विस्तार, आर्थिक सङ्कलन तथा अक्षयकोष अभियान सञ्चालन गरिएको छ। मोती स्मृर्तिकोष अभियानअन्तर्गत स्व.भाग्यकुमारी खनाल स्मृतिकोष जस्ता कोष स्थापना गरिएको छ । पुस्तकालयमार्फत मोती सामुदायिक पुस्तकालय पर्यावरण संरक्षण तथा सरसफाइ अभियान सञ्चालन गरिदै आइएको छ । त्यस्तै ट्र्यागगल्स कार्यक्रम सञ्चालन अभियानअन्तर्गत १२ वर्षदेखि १५ वर्षका किशोरीहरूलाई प्रविधिमार्फत सशक्तीकरण गरी क्षमता अभिवृद्धि गराउने गरिएको छ । यस अभियानमा हालसम्म एक सय १० जना सहभागी बनेका छन् । पुस्तकालयको दिगो सञ्चालन एवम् व्यवस्थापनका लागि विभिन्न अभियान तथा कार्यक्रम प्रभावकारी बनेका छन् । म्याचिङ्ग फन्ड अभियानअन्तर्गत पुस्तकालयलाई दिगो सञ्चालनको लागि सिहाटल अमेरीका वस्नुहुने पुस्तकालयको संरक्षक सदस्य अमूल्य भट्टराई र यादवमणि भट्टराईले मासिक एक सय अमेरिकी डलर जम्मा गरी वार्षिक रूपमा जम्मा भएको एक हजार २०० डलरलाई माइक्रोसफ्ट कम्पनीमा 'म्याचिङ' गरी वार्षिक रूपमा दुई हजार ४०० अमेरिकन डलर जम्मा गरिरहनु भएको छ।

दिनको एक रुपैयाँ सहयोग अभियान यहाँको अर्को विशिष्टता हो। यस अभियानमार्फत समुदायमा रहेका व्यक्तिलाई पुस्तकालयमा जोडिनका लागि आह्वान गरिएको छ । यस अन्तर्गत जन्मोत्सव, श्राद्ध, चौरासी पुजा, चुडाकर्म, विवाह, न्वारान, सरकारी सेवामा जोडिदा होस् वा वढुवा हुँदा स्वःफूर्त रूपमा एक रुपैयाँ दान अभियानमा अहिलेसम्म एक सय ६३ जनाबाट रु.९८ हजार आठ रुपैयाँ जम्मा भएको छ । लाइब्रेरियन सापकोटाका अनुसार पुस्तकालय सञ्चालनको लागि नियमित स्रोतको अवस्था नरहे पनि तालिम हलको भाडा, सदस्यता, म्याचिड फण्ड, ब्याज, चन्दा, आर्थिक सहयोग सहित वार्षिक २० लाख रुपैयाँसम्म आम्दानी हुने गरेको छ। पुस्तकालयमा कार्यरत कर्मचारीको तलव, मसलन्द, मर्मतसम्भार, विभिन्न कार्यक्रम सञ्चालन लगायतमा रु १६ लाख खर्च भई औषत चार लाख बचत हुने गरेको छ। अहिले पुस्तकालयको कूल सम्पत्ती रु एक करोड ७० लाख रहेको बताइएको छ। नौ प्रकारका सदस्यता कायम गरेकामा कुल ९४८ सदस्य रहेको पुस्तकालयमा हाल पाँच सय ३८ साधारण सदस्य, ३१९ आजीवन सदस्य, ८४ संरक्षक सदस्य, तीन विशिष्ट सदस्य, दुई मानार्थ संस्थापक सदस्य, एक जना प्रमुख संरक्षक सदस्य र एक जना मानार्थ स्वदेशी सदस्य रहनुभएको छ। पुस्तकालयको हाल निर्माणाधीन सभा कक्ष समुदायका मानिसहरूले भूकम्पलगायतका विभिन्न प्राकृतिक विपत्तीका क्रममा उपयोग समेत गर्न सक्ने उल्लेख गर्दै उहाँले उक्त स्थानमा पर्वत जिल्लामा प्रचलित लोपोन्मुख संस्कार, संस्कृति, प्राचीन ढिकी, जाँतो जस्ता सामग्री समेतको सङ्कलन गर्दै सङ्ग्रहालय समेत निर्माण गर्ने अवधारणा अघि सारिएको बताउनुभयो।

# भकिम्लीको आलुलाई 'ब्राण्डिङ' गरेर बजार पठाइँदै

**पोखरापत्र संवाददाता**
म्याग्दी, ५ असार



म्याग्दीको बेनी नगरपालिका-३ भकिम्लीस्थित बेलढुङ्गा कृषि फार्मले उत्पादन गरेको उन्नत जातका आलुलाई 'बेलढुङ्गा' ब्राण्डिङ गरेर बजार पठाइने भएको छ ।

उक्त फार्मले सय रोपनी जग्गामा फलाएको आलु बेलढुङ्गा ब्राण्डमा बजार पठाउने तयारी गरेको फार्मका अध्यक्ष केयरसिङ पुनले बताउनुभयो । 'बेलढुङ्गा' म्याग्दीको भकिम्ली र बागलुङको धम्जाको सिमानामा पर्ने प्रसिद्ध पर्यटकीयस्थल हो । पचहत्तर रोपनीमा बर्खे र २५ रोपनीमा उन्नत जातको जनकदेव र रोजिटा जातका आलुखेती गरिएकामा जनकदेव र रोजिटाको उत्पादन प्रशस्त भएको पुनले जानकारी दिनुभयो ।

स्वदेश तथा विदेशमा रहेका १९ जनाको लगानी रहेको फार्ममा खेतबारीदेखि उपभोक्ताको भान्सासम्म भकिम्लीको आलुको ब्राण्ड स्थापित गर्नेगरी संस्थाको नाम, ठेगाना र परिमाण उल्लेख गरी बजारमा लैजाने तयारी गरेको उहाँले बताउनुभयो।

फार्ममा आबद्ध आलु उत्पादक समूहले आफ्नोबाहेक स्थानीय किसानद्वारा उत्पादित आलु बजारीकरणमासघाउने जनाएकोछ।

समूहले जनकदेव र रोजिटा जातका आलुको आकारअनुसार मूल्य तोकेको छ । सानालाई प्रतिकेजी रु ३५, मध्यमको रु ४० र ठूलो आलु प्रतिकेजी रु ५० मा खुद्रा बिक्री गर्ने समूहले जनाएको छ।

समुद्र सतहबाट एक हजार छ सयदेखि तीन हजार पाँच सय मिटरको उचाइसम्म रोजिटा आलु प्रतिहेक्टर १० देखि १४ मेट्रिक टन फल्ने भएकाले आलुको बीउ कृषि ज्ञान केन्द्रले सिफारिस गरेको कृषि प्राविधिक सहायक श्यामशरण कर्मीले बताउनुभयो । उन्नत जातका आलुमा रोग, कीराको प्रकोप नहुने र उत्पादन राम्रो हुने भएकाले किसान त्यसप्रति आकर्षित भएका उहाँले बताउनुभयो ।

जिल्लाको मुसुङ, भुकभुके, भकिम्ली क्षेत्र आलु उत्पादनका लागि उपयुक्त भएकाले केन्द्रले समुदायस्तरमा प्रविधियुक्त कृषि उत्पादन प्रवर्द्धन आयोजनाअन्तर्गत किसानलाई आलुखेतीमा लाग्न प्रोत्साहन गरेको उहाँले जानकारी दिनुभयो।

गण्डकी प्रदेश कृषि तथा सहकारी मन्त्रालयले म्याग्दीमा आलुको संरक्षण तथा विस्तार र व्यावसायिकताका लागि चालु आवमा रु तीन करोड बजेट विनियोजन गरेको थियो। केन्द्रका अनुसार म्याग्दीमा वार्षिक २५ हजार मेट्रिक टन आलु उत्पादन हुने गरेको छ ।

# अठार लाख किसान सूचीकृत

**रासस**
काठमाडौं, ५ असार

किसान सूचीकरण कार्यक्रममा १८ लाख किसान सूचीकृत भएका छन्। अनुदानलगायत सहायता उपलब्ध गराउन सरकारले यो कार्यक्रम ल्याएको हो ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीका अनुसार किसानबाट उत्पादित उपज, खेती गरेको जमिनको क्षेत्रफललगायत विवरणसहितको एकीकृत तथ्याङ्क सङ्कलन भइरहेको छ । राज्यबाट देशभरका किसानलाई विद्युतीय प्रणालीमार्फत सुविधा दिने तयारी भएको छ। यो विद्युतीय सूचना प्रणालीमा किसान जोडिएपछि रासायनिक मल, बीउ, अनुदान, सेवा व्यवस्थापनलगायत सुविधा उपलब्ध गराउन सहज हुने छ।

कृषि सूचना तथा प्रशिक्षण केन्द्रले समन्वय गरेको उक्त कार्यक्रममा देशभर स्थानीय तहमार्फत किसानका सूचना सङ्कलन गरिएको हो ।

विसं २०७७ फागुनमा मन्त्रिस्तरीय बैठकबाट सुरु भएको यस कार्यक्रममा आगामी वर्ष १२ लाख सूचीकृत गर्ने योजना रहेको मन्त्रालयका सूचना अधिकारी जोशीले जानकारी दिनुभयो ।

यसैबीच, उक्त मन्त्रालयले कृषि पशुपक्षी विकाससम्बन्धी सार्वजनिक सेवा प्राप्तिको मुख्य आधार तथा किसान पहिचानको प्रमाणका रूपमा किसान परिचयपत्रलाई मान्यता दिने जनाएको छ। किसानलाई प्राविधिक सेवा प्रवाह गर्न निकट भविष्यमा 'मोबाइल एप्लिकेसन'को विकास गरिने जनाइएको छ ।

## जग्गा बिक्रीको शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०३/०६)**

यस **ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड**को नाममा रहेको तपसिलमा उल्लेखित विवरण बमोजिमको जग्गा (घडेरी) लाई जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघ संस्था, फर्म/कम्पनीहरूले आफ्नो नागरिकताको प्रतिलिपि (व्यक्तिको हकमा), फर्म/कम्पनी दर्ता प्रमाणपत्र, प्यान तथा भ्याटमा दर्ता सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि र सञ्चालक समितिको निर्णय (संघ संस्था, फर्म/कम्पनीहरूको हकमा) सहित यो सूचना प्रकाशित भएको **मितिले १५ दिनभित्र** यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय पोखरा-२६ विजयपुर, कास्कीमा आइपुग्ने गरी प्रत्यक्ष वा कुरियर वा हुलाक मार्फत शिलबन्दी बोलपत्र आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

**बिक्री गरिने जग्गाको विवरण निम्नानुसार रहेको छ।**

| क्र.स. | जग्गाधनीको नाम र ठेगाना | जग्गा (घडेरी) रहेको ठेगाना | कित्ता नं. | जग्गाको क्षेत्रफल रोपनी/वर्गमिटर | जग्गाको मोठ/पाना नं. |
|---|---|---|---|---|---|
| १. | ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड पोखरा २६, विजयपुर कास्की | वेशीशहर-१, लमजुङ (हाल बेशीशहर नगरपालिका-८, लमजुङ) | ४४३ | ०-६-१-३ / २०४.६९ | २०७२ / ३५८४ |

**शर्त तथा बन्देजहरू :**

१. शिलबन्दी बोलपत्र आवेदन मिति २०८१/०३/०६ गतेदेखि २०८१/०३/२० गतेको कार्यालय समय बेलुका ५:०० बजेभित्र बुझाइसक्नु पर्नेछ ।
२. जग्गा (घडेरी) लिलाम बिक्रीको प्रक्रियामा खरिद मूल्यहरूको बीचमा प्रतिस्पर्धाको आधारमा अधिकतम् रकमलाई आधार मानी शिलबन्दी बोलपत्र आवेदन छनोट गरिनेछ ।
३. शिलबन्दी बोलपत्र आवेदन मिति २०८१/०३/२३ गते आइतबारको दिन दिउँसो १:०० बजे सम्बन्धित निवेदक तथा निजले तोकेको आधिकारिक प्रतिनिधिको रोहबरमा संस्थाको केन्द्रीय कार्यालय पोखरा-२६, विजयपुर, कास्कीमा खुला गरिनेछ ।
४. बोलपत्र आवेदन शिलबन्दी नभएको, बोलपत्र दिनेको सहिछाप नभएको, म्यादभित्र दाखिला नभएको वा रित नपुगेको भएमा स्वतः रद्द हुनेछ ।
५. लिलाम बिक्री गरिने जग्गा (घडेरी) तथा कागजातहरू हेर्नको लागि यस संस्थाको केन्द्रीय कार्यालयको सहयोगमा स्थलगत अवलोकल गर्न सक्नुहुनेछ ।
६. शिलबन्दी बोलपत्र आवेदनको साथमा व्यक्ति भएमा नागरिकताको प्रमाणपत्र र फर्म/संस्था भएमा कर चुक्ता प्रमाणपत्र सहित अन्य दर्ता सम्बन्धी प्रमाणपत्रहरू संलग्न हुनुपर्नेछ ।
७. शिलबन्दी आवेदनसँग खरिद गर्ने जग्गा (घडेरी) को आफूले कबोल गरेको खरिद मूल्यको १० प्रतिशत रकम धरौटी स्वरुप जम्मा गरेको भौचर समावेश गर्नुपर्नेछ। उक्त धरौटी रकम जग्गाको नामसारी प्रक्रियामा वा बिक्री गर्ने बेलामा मिलान गरिनेछ। शिलबन्दी बोलपत्र नपर्ने व्यक्ति तथा संस्थाहरूको हकमा शिलबन्दी खुला भएपछि रकम तुरुन्त फिर्ता गरिनेछ, उक्त रकमको ब्याज भने फिर्ता हुनेछैन। रकम जम्मा गर्ने बैंकको विवरण निम्नानुसार रहेको छः
**Account Holder Name:** Global IME Laghubitta Bittiya Sanstha Ltd.,
**A/C No:** 25101010001274 **Bank Name:** Global IME Bank Ltd.
८. बोलपत्र स्वीकृत भएपछि हक हस्तान्त्रण गर्दा वा नामसारी गर्दा लाग्ने सबै दै दस्तुर जग्गा खरिद गर्ने व्यक्ति वा संघ संस्था, फर्म/कम्पनीहरूले स्वयम् व्यहोर्नु पर्नेछ ।
९. बोलपत्र आवेदनमा सम्पूर्ण कुराहरु स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ। रकमको हकमा केरमेट भएमा वा अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।
१०. शिलबन्दी बोलपत्र आवेदनहरू स्वीकार गर्ने तथा नगर्ने सम्पूर्ण अधिकार वित्तीय संस्थामा निहित रहनेछ ।
११. सूचनामा कुनै कुराको अस्पष्टता रहेमा केन्द्रीय कार्यालयको ०६१-४११४३८/९८०२३३४७१४/ ९८०२३३४६०७ मा सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लि.**
Global IME Laghubitta Bittiya Sanstha Ltd.

**केन्द्रीय कार्यालय**
पोखरा-२६, विजयपुर, कास्की
**फोन** : ०६१-४११४३८, ४११४३९

# एकल महिलाको जीविकोपार्जनमा सघाउन बाख्रा वितरण

**पोखरापत्र संवाददाता**
पर्वत, ५ असार

जिल्लाको मोदी गाउँपालिकाले एकल महिलालाई उन्नत जातका बाख्रा वितरण गरेको छ । विपन्न, एकल, अपाङ्गता भएका, द्वन्द्वपीडित महिलालाई आयआर्जनमा टेवा पुऱ्याउने उद्देश्यले 'अध्यक्षसँग दिदीबहिनी कार्यक्रम' अन्तर्गत ४८ जनालाई बाख्रा वितरण गरिएको हो ।

गाउँपालिकाका अध्यक्ष हीरादेवी शर्माका अनुसार उनीहरूलाई एक-एकवटाका दरले बाख्रा वितरण गरिएको हो । पालिकाले वितरण गरेका बाख्राबाट जन्मिएका पाठापाठी वडा कार्यालयले खरिद गर्ने छ । ती पाठापाठी अन्य विपन्नलाई वितरण गरिने छ। यो प्रक्रिया निरन्तर चलिरहने र यसले पालिकाभित्रका अतिविपन्न परिवारको आयआर्जनमा टेवा पुग्ने अपेक्षा पालिकाको छ।

मोदी गाउँपालिकाका उपाध्यक्ष विमल लामिछानेले बाख्रापालनमा निर्वाहमुखीभन्दा व्यावसायिक बन्नुपर्ने बताउनुभयो । आर्थिक रूपमा आत्मनिर्भर बनाउने उद्देश्यले एकल महिला तथा विपन्न परिवारलाई बाख्रा वितरण गरिएको र बाख्रापालन व्यावसायलाई स्वरोजगारमुखी रूपमा अपनाउन पनि उहाँले सुझाव दिनुभयो ।

उपाध्यक्ष लामिछानेले व्यावसायिक रूपमा पशुपालन गर्ने किसानलाई पालिकाले विभिन्न अनुदानसमेत वितरण गर्दै आएका बताउनुभयो ।

बाख्रा वितरणका लागि चालु आर्थिक वर्षमा रु पाँच लाख विनियोजन गरिएको थियो । कार्यक्रमको प्रभावकारिता र यसले महिलाहरूको जीवनस्तरमा सुधार भएमा आगामी वर्षदेखि रकम थप गरिने पालिकाले जनाएको छ । मोदी गाउँपालिकाका देउराली, भुकताङ्ले, क्याङ, राम्जादेउराली, चित्रेलगायत स्थानमा चरन क्षेत्र प्रशस्त रहेकाले व्यावसायिक रूपमा बाख्रापालन गर्न सहज छ ।